# नेपाल राजपत्र

**श्री ५ को सरकारद्वारा प्रकाशित**

खण्ड ४६) काठमाण्डौं, चैत्र २४ गते २०५३ साल (अतिरिक्तांक ६७


## भाग ३

## निर्वाचन आयोगको सूचना

### स्थानीय निकाय निर्वाचन आचार संहिता २०५३

निर्वाचन आयोग ऐन, २०४७ को दफा २४क ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो आचार संहिता बनाएको छ ।

निर्वाचन निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित हुनका लागि यसलाई कम खर्चिलो, अनुचित प्रतिस्पर्धा तथा सत्ता दुरुपयोगबाट मुक्त र तडक भडक विहीन बनाउनुको साथै जनसाधारणको सामान्य जीवन एवं अधिकारमा खलल नपर्ने गरी संचालन गर्नु वान्छनीय छ । यस उद्देश्य पूर्तिको लागि निर्वाचन आयोगको अतिरिक्त राजनैतिक दलहरु, स्वतन्त्र उम्मेदवारहरु, श्री ५ को सरकार र सरकारी तथा अर्ध-सरकारी निकायहरुको महत्वपूर्ण उत्तरदायित्त्व छ । अत: निर्वाचनको संचालन एवं प्रचार प्रसार स्वस्थ एवं मर्यादितरुपमा गर्न गराउन यो आचार संहिता तयार गरिएको छ ।

यस आचार संहितालाई पालन गर्नु श्री ५ को सरकार, सम्बन्धित सरकारी तथा अर्धसरकारी निकायका पदाधिकारीहरु, सबै राजनैतिक दलहरु एवं राजनैतिक दलका तर्फबाट वा स्वतन्त्ररुपमा खडा हुने उम्मेदवार समेतको कर्तव्य हुनेछ ।


१२३३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यो आचार संहिता श्री ५ को सरकारको हकमा निर्वाचन मितिको घोषणा भएपछि लागू हुनेछ र राजनैतिक दल र उम्मेदवारहरुको हकमा निर्वाचन कार्यक्रम प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

क. **राजनैतिक दल तथा उम्मेदवारहरुले पालना गर्नुपर्ने आचरण**

राजनैतिक दलहरु, राजनैतिक दलका उम्मेदवारहरु तथा स्वतन्त्र उम्मेदवारहरुले निर्वाचन अभियान संचालन गर्दा निम्नलिखित आचरणहरु पालन गर्नु गराउनु पर्दछ :-

१. नेपालको राष्ट्रियता, स्वतन्त्रता, अखण्डता र सार्वभौमिकता माथि आघात पर्नेगरी तथा वहुदलीय प्रजातन्त्र, संसदीय शासन प्रणाली र संवैधानिक राजतन्त्रको प्रतिकूल हुने गरी प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

२. जात, जाति, समुदाय, धर्म वा सम्प्रदायको बीच आपसमा घृणा, द्वेष, अवहेलना र वैमनस्य उत्पन्न हुने गरी प्रचार प्रसार गर्नु हुँदैन । साथै धर्म, जाति, सम्प्रदाय वा भाषाको आधारमा मतदान गर्न मतदाताहरुलाई प्रेरित गर्नु हुँदैन ।

३. उम्मेदवारको वा निजको परिवारका सदस्यको चरित्र हत्या हुने गरी प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

४. कुनै पनि राजनैतिक दल वा उम्मेदवारले एक अर्काको प्रजातान्त्रिक अधिकार हनन गर्नु हुँदैन र प्रचार प्रसारको सन्दर्भमा प्रयोग गरिने भाषा अशिष्ट एवं असंयमित हुनुहुँदैन ।

५. मतदानको दिनभन्दा ४८ घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म कुनै राजनैतिक दल वा उम्मेदवारले जुलुस निकाल्न, नारा लगाउन वा अन्य कुनै पनि प्रकारको प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।
उक्त अवधिभित्र दल वा उम्मेदवारको झण्डा वा निर्वाचन चिन्ह वा प्रचार प्रसार हुने गरी कुनै सामग्रीको प्रदर्शन गरे गराएमा पनि यो दफाको उल्लघंन भएको मानिनेछ ।

६. प्रचार प्रसारको क्रममा कुनै पनि स्थानमा रंग वा इनामेलले लेख्नु वा लेखाउनु हुँदैन ।

७. कुनै पनि धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारक स्थल वा सरकारी वा सार्वजनिक स्थल, भित्ता पर्खालमा कुनै पोष्टर, पम्प्लेट वा पर्चा टाँस्न हुँदैन ।

८. कसैको निजी घर, पसल, पर्खाल वा यस्तै अन्य स्थानहरुमा घर धनीको स्वीकृति नलिई कुनै पोष्टर, पम्प्लेट वा पर्चा टाँस्न हुँदैन । आयोगले आवश्यक देखेमा त्यस्तो स्वीकृति हेर्न सक्नेछ । साथै कुनै एउटा राजनैतिक दल वा उम्मेदवारले टाँसेको पोष्टर वा पर्चा वा निर्वाचन चिन्हलाई अर्को राजनैतिक दल वा उम्मेदवारको तर्फबाट उप्काउन, च्यात्न वा त्यसमाथि आफ्नो पोष्टर टाँस्न वा लेख्न लगाउन हुँदैन । निर्वाचन सम्पन्न भएपछि यस्ता पोष्टर, पर्चा वा राजनैतिक दलका चिन्हहरु सम्बन्धित राजनैतिक दल वा उम्मेदवारले सफा गर्नु पर्नेछ ।

९. निर्वाचन आयोगद्वारा वितरित निर्वाचनसम्बन्धी प्रचार सामग्री वा सूचनालाई कसैले पनि बिगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन हुँदैन ।

१५३४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. तुल वा अन्य कुनै प्रकारको कपडा वा सामग्री प्रयोग गरी तथा ब्यानर पर्दशन गरी प्रचार प्रसार गर्न गराउन हुँदैन । तर सभा र अनुमति प्राप्त सवारी साधनमा दलको झण्डा र निर्वाचन चिन्ह बढीमा १८"X२२" साइजसम्मको प्रयोग गर्न पाइनेछ ।

११ प्रचारको क्रममा बढीमा ६० ग्रामसम्मको कागजमा बढीमा ६"X१०" साइजको पर्चा, दलको झण्डा, निर्वाचन चिन्ह र १८"X२२" साइजको पोष्टर मात्र प्रयोग गर्न पाइनेछ । यस्तो पोष्टर र पर्चा, झण्डा र चिन्ह एक रङ्गमा मात्र छपाउनु पर्नेछ र प्रत्येक पोष्टर र पर्चामा मुद्रकको नाम र ठेगाना अनिवार्यरुपमा उल्लेख हुनुपर्नेछ । जुलुश सभामा भाग लिने व्यक्तिहरुले हातमा बढीमा ६"X१०" सम्मको साइजको कागजको झण्डा लिन पाइनेछ ।

१२. स्थानीय निकाय निर्वाचन र स्थानीय निकाय उपनिर्वाचनमा हेलिकोप्टर जस्ता महंगो सवारी साधनको प्रयोग गर्नु गराउनु हुँदैन ।

१३. बस, ट्रक, कार, ट्र्याक्टर आदिमध्ये एक उम्मेदवारले महानगरपालिका, उपमहानगरपालिका र गा.वि.स. जिल्ला विकास समितिको निर्वाचनमा बढीमा निम्न बमोजिमको संख्यामा सवारी साधन र लाउड स्पीकर प्रयोग गर्न पाइने छ ।

१. महानगरपालिकाको प्रमुख, उपप्रमुखले बढीमा ३ वटा सवारी साधन र ३ वटा लाउडस्पीकर

२. उपमहानगरपालिकाको प्रमुख, उपप्रमुखले बढीमा २ वटा सवारी साधन र २ वटा लाउडस्पीकर ।

३. नगरपालिकाको प्रमुख, उप्रमुख र महानगरपालिकाको वडाध्यक्ष र नगर परिषद्को सदस्यले १ वटा सवारी साधन र १ वटा लाउडस्पीकर ।

४. उपमहानगरपालिका र नगरपालिकाको वडाध्यक्ष र वडा सदस्यले एउटा अटो रिक्सा वा रिक्सा र १ वटा लाउडस्पीकर ।

५. गाउँ विकास समितिका अध्यक्ष/उपाध्यक्षले एउटा सवारी साधन र १ वटा लाउडस्पीकर ।

६. जिल्ला विकास समितिका सभापति/उपसभापति र सदस्यले १ वटा सवारी साधन ।

१४ लाउड स्पीकर, रेडियो, क्यासेट वा अन्य यस्तै ध्वनिविस्तारक वस्तु प्रयोग गर्दा अरुलाई बाधा विरोध वा सार्वजनिक शान्तिमा खलल पर्ने गरी गर्न हुँदैन । त्यस्तो प्रयोग बिहान ७ बजेदेखि साँझ ९ बजेसम्म बाहेक अन्य समयमा गर्न पाईने छैन । यस्तो ध्वनिविस्तारक वस्तु प्रयोग गर्दा सभा बाहेक एउटै ठाउँमा निरन्तररुपमा पनि गर्न पाईने छैन ।

१५. आमसभा, जनसभा, कोणसभा र जुलुस समेत बिहान ७ बजेदेखि साँझ ९ बजेसम्म बाहेक अरु समयमा गर्न पाईने छैन । म्रसाल जुलुस र हातहतियारले सुसज्जित कुनै पनि जुलुस निकाल्न पाईने छैन ।

१६. कुनै पक्षबाट जुलुस, र्‍याली वा आमसभा गर्दा गराउँदा स्थानीय प्रशासनसँग सम्पर्क वा जानकारी गराउनु पर्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. निर्वाचनसंग सम्बद्ध कर्मचारी तथा शान्ति सुरक्षासम्बन्धी अधिकारीहरुलाई आफ्नो कर्तव्य पालन गर्न आवश्यक सहयोग तथा सघाउ पुऱ्याउनु सबैको कर्तव्य हुनाले कसैले पनि कुनै किसिमको डर, त्रास, धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई तिनीहरुलाई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गर्नु गराउनु हुँदैन ।

१८. कसैले पनि मतदातालाई डर, धाक, धम्की वा त्रास वा प्रलोभन वा धर्म भकाउने जस्तो कामगरी निजको इच्छा विपरीत मतदान गर्न बाध्य गर्नु गराउनु हुँदैन ।

१९. मतदानकेन्द्र तोकिएको स्थान र त्यसको वरिपरि कुनै कुरा टाँस्नु वा टाँस्न लगाउनु वा लेख्नु वा लेख्न लगाउनु समेत हुँदैन । यदि यस्तो प्रचार प्रसारको सामग्रीहरु भएमा सम्बन्धित उम्मेदवारले मतदान हुनुअगाडि हटाउनु पर्नेछ ।

२०. मतदाताहरुलाई मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले कुनै पनि किसिमको अवरोध वा थुनछेक गर्नु गराउनु हुँदैन ।

२१. कुनै पनि उम्मेदवारले वा निजका प्रतिनिधि वा कार्यकर्ताले वा कुनै व्यक्तिले बल प्रयोग गरी वा डर, त्रास देखाई वा धम्की दिई वा प्रलोभन दिई मतदान केन्द्र वा उप-केन्द्र आफ्नो कब्जामा लिनु वा मतपत्र वा मतपेटिका वा मतदान सामग्री जवर्जस्ती हत्याउनु वा खोस्नु, नास्नु वा बिगार्नु हुँदैन ।

२२. कुनै पनि राजनैतिक दल वा उम्मेदवारले मनोनयनपत्र दाखिला गर्नको निमित्त जुलुश लिएर जान हुँदैन ।

२३. साईकल बाहेक ट्रक, ट्र्याक्टर, बस, रिक्सा, मोटर, कार र मोटरसाईकल जुलुश गर्नु गराउनु हुँदैन ।

२४. मतदानको दिन मतदाताहरुलाई बस, ट्रक, जीप वा अन्य कुनै सवारी साधनबाट ओसार पसार गर्नु गराउनु हुँदैन ।

२५. मतदानको दिन प्रत्येक उम्मेदवारले एउटाभन्दा बढी सवारी साधन प्रयोग गर्नु गराउनु हुँदैन ।

२६. कुनै पनि राजनैतिक दल वा उम्मेदवारले मतदातालाई प्रभाव पार्ने उद्देश्यले भोज भत्तेरको आयोजना गर्नु गराउनु हुँदैन ।

२७. मतदान कार्य तथा मतगणना समेत बिनाअवरोध सबै ठाउँमा निर्बाधरुपमा संचालन हुन दिनुपर्छ र त्यसको लागि जो चाहिने उपयुक्त वातावरणको सिर्जना गरिदिनु सबैको कर्तव्य हुनेछ ।

२८. कुनै पनि राजनैतिक दल वा उम्मेदवारहरुले आफ्नो कार्यकर्ता वा समर्थकहरुलाई निर्वाचनसम्बन्धी आचार संहिताको पूर्णरुपमा जानकारी दिई सोको पालन गर्न गराउन लगाउनुपर्नेछ । यसको जिम्मेवारी सम्बन्धित उम्मेदवारले लिनु पर्नेछ ।

१५३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९. कुनै पनि उम्मेदवारले निर्वाचनको क्रममा निर्वाचनसम्बन्धी ऐन, नियम, आदेश तथा निर्देशिकाका साथै निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ मा भएका व्यवस्थाहरुलाई पूर्णरुपमा पालन गर्नु गराउनु पर्दछ ।

३०. श्री ५ को सरकारका मन्त्री, राज्य मन्त्री, सहायक मन्त्री एवं सांसदहरुले आफ्नो मत दिने काममा बाहेक मतदानकेन्द्रभित्र प्रवेश गर्नु हुँदैन ।

ख. <u>निर्वाचन खर्च</u>

राजनैतिक दलहरु, राजनैतिक दलका उम्मेदवारहरु र स्वतन्त्र उम्मेदवारहरुले निर्वाचन अभियान संचालन गर्दा गरिने खर्चका सम्बन्धमा निम्नलिखित आचरण पालना गर्नुगराउनु पर्दछः-

१. निर्वाचनसम्बन्धी कार्यमा खर्चगर्दा आयोगवाट निर्धारित सीमाभित्र रही खर्च गर्नुपर्छ । सो प्रयोजनको लागि स्थानीय निकाय निर्वाचन निर्देशिकाको अनुसूची ८३ बमोजिमको ढाँचामा दैनिक खर्चको विवरण देखिने गरी सबै उम्मेदवारले खर्चको फाँटवारी राख्नुपर्नेछ । निर्वाचित उम्मेदवारले निर्वाचन खर्चको विवरण निज उम्मेदवार भएको पदको निर्वाचन परिणामको घोषणा भएको मितिले तीस दिनभित्र निर्देशिकाको अनुसूची ८३क बमोजिमको ढाँचामा खर्चको विवरण अनिवार्यरुपमा निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

२. स्थानीय निकाय निर्वाचन खर्च सीमाको प्रयोजनकोलागि अधिराज्यका स्थानीय निकायहरुलाई परिशिष्ट क(१) र क(२) अनुसार खर्चको अधिकतम सीमा तोकिएको छ ।

३. निर्वाचन प्रचार प्रसारको क्रममा प्रयोग गरिने सवारीको साधनहरु तथा अन्य विस्तृत खर्चका शीर्षकहरुको सम्बन्धमा परिशिष्ट (ख) मा आयोगद्वारा तोकिएको दररेटको आधारमा हिसाब राख्नु पर्नेछ ।

४. प्रत्येक उम्मेदवारले निर्वाचनको कार्यमा स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा मात्र खर्च गर्नु गराउनु पर्नेछ ।

५. निर्वाचन खर्चको हिसाब पेशगर्दा उम्मेदवारको लागि आ-आफ्ना राजनैतिक दल वा अन्यत्रबाट गरिएको खर्च पनि देखाउनु पर्नेछ । यस्तो खर्च पनि निर्वाचन खर्चको अधिकतम हदभित्र समावेश गरिनेछ ।

६. राजनैतिक दलहरुले आफ्ना उम्मेदवारको सम्बन्धमा गरेको खर्चको विवरण राख्नुपर्नेछ र आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

७. आचार संहिता विपरीत तुल टाँग्ने, ईनामेल वा अन्य कुनै रङबाट भित्ता वा पर्खालमा लेखेमा वा पर्चा पम्प्लेट टाँस्ने गरेमा सो हटाउन वा मेटाउन लगाउन सकिनेछ ।

ग. <u>श्री ५ को सरकारले पालना गर्नुपर्ने आचरण</u>

(अ) **आम संचार**

श्री ५ को सरकार अन्तर्गत रहेका आम संचार (श्रव्य, दृश्य तथा मुद्रण) का माध्यमहरुद्वारा आ-आफ्नो कार्यक्रमहरु संचालन गर्दा देहाय बमोजिम गर्नु पर्दछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. निर्वाचनको प्रचार प्रसारको क्रममा वा निर्वाचनमा मतदाताहरुलाई प्रभाव पार्ने गरी गरेका कार्यक्रम र बोलेका कुराहरुको समाचार, टिप्पणी र विश्लेषण विद्युतीय संचार माध्यमबाट प्रचार प्रसार गर्नु हुँदैन ।

२. कुनै पनि राजनैतिक दल वा उम्मेदवारप्रति कुनै किसिमको पूर्वाग्रह नराखी पूर्णतया निष्पक्ष एवं संयमित रुपमा संचालन गर्नुपर्दछ ।

३. मतदाताहरुलाई निर्धक्क भएर भोट दिन प्रोत्साहित गर्ने खालका श्रव्यदृश्य तथा लेख्य सामग्री यथाशक्य बढी मात्रामा प्रचार प्रसार गर्नुपर्दछ ।

४. धर्म, सम्प्रदाय, क्षेत्र, जात, जाति वा भाषागत आधारमा मतदातालाई प्रभावित पार्ने खालको वा जनमानसमा हिंसा, उत्तेजना, आतंक, वैमनष्य र भ्रम फैलाउने खालका सामग्रीहरु प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

५. समाचार संकलन गर्दा, सम्पादन गर्दा, समाचारको शीर्षक राख्दा, चित्र वा कार्टून प्रकाशित गर्दा वा सम्पादकीय, प्रतिक्रिया, रिपोर्ट, वृतान्त, छलफल, विश्लेषण, व्यक्तिगत लेख, प्रश्नोत्तर र यस्तै अन्य श्रव्य दृश्य लेख्य सामग्रीहरु प्रचार प्रसार गर्दा कुनै राजनैतिक दल वा उम्मेदवारको पक्षमा मतदातालाई प्रभावित गर्ने किसिमबाट गर्नु गराउनु हुँदैन । कार्यक्रम संयोजकले तटस्थ भूमिका निर्वाह गर्नुपर्दछ ।

६. प्रकरण ४ मा उल्लेखित सामग्रीहरुको क्यासेट वा प्रति सम्बन्धित निकायले सुरक्षित राख्नु पर्ने छ र आयोगवाट माग भएमा त्यस्तो सामग्रीको क्यासेट वा प्रति उपलब्ध गराउनु पर्नेछ ।

**(आ) अन्य सरकारी नीति, कार्यक्रम, साधन र सेवा**

१. सरकारी काम र राजनैतिक काम भिन्ना भन्नै भएकाले मन्त्रीहरुले सरकारी काम र प्रचार प्रसारको काम मिसाउनु हुँदैन ।

२. कुनै पनि योजनाको शिलान्यास गर्ने वा उद्घाटन गर्ने, नयाँ योजना वा कार्यक्रम स्वीकृत गर्ने, शुरु गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा अनुदान दिने, कार्यालय निरीक्षण गर्ने जस्ता कार्यहरु गर्नु गराउनु हुँदैन ।

३. श्री ५ को सरकारका कर्मचारीहरु र श्री ५ को सरकारको स्वामित्वमा रहेका संस्था, संस्थान वा समितिका कर्मचारीहरुलाई श्री ५ को सरकार वा अख्तियारवाला कुनै पनि पदाधिकारीले कुनै राजनैतिक दल वा उम्मेदवारको पक्षको प्रचार प्रसारको काममा वा निर्वाचनको परिणाममा प्रभाव पार्ने खालको काममा प्रयोग गर्नु गराउनु हुँदैन ।

४. श्री ५ सरकार, श्री ५ को सरकारको स्वामित्वमा रहेका संस्था, संस्थान वा समिति, जि.वि.स., नगरपालिका र गा.वि.स. वा सो अन्तर्गत र अन्य स्वशासित संस्था अन्तर्गतका सवारी साधनहरु, अन्य साधनहरु वा सम्पत्तिलाई राजनैतिक दल वा उम्मेदवारको काममा प्रयोग गर्नु गराउनु हुँदैन ।

९५३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. श्री ५ को सरकार, श्री ५ को सरकारको स्वामित्वमा रहेका संस्था, संस्थान वा समिति जि.वि.स., नगरपालिका र गा.वि.स. र अन्य स्वशासित संस्थाहरुको भवन, अतिथि गृह, चौर, खेलमैदान, सभागृह वा त्यस्तै अन्य साधन र सुविधालाई कुनै राजनैतिक दल वा उम्मेदवारलाई र राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसारमा संलग्न व्यक्तिलाई समेत प्रयोग गर्न दिनु हुँदैन ।

६. श्री ५ को सरकारको मन्त्री वा सल्लाहकारहरुले प्रयोग गर्ने सरकारी सवारी साधन, अन्य साधन, स्रोत र सहुलियत राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसारको काममा प्रयोग गर्नु गराउनु हुँदैन ।

तर, प्रधानमन्त्रीको पदीय दायित्व र सुरक्षालाई दृष्टिगत गरी निजको भ्रमणको सिलसिलामा प्रयोग हुने सरकारी सवारी साधनको हकमा यो बन्देज लागू हुने छैन । यस्तो सवारी साधनमा निर्वाचन प्रचार प्रसारमा संलग्न राजनैतिक दलका व्यक्तिहरुलाई समावेश गरिनु हुँदैन ।

७. निर्वाचनको मिति घोषणा भएपछि निर्वाचनको काममा बाधा पर्ने भएमा आयोगको स्वीकृति लिएर बाहेक जिल्ला स्तरीय कार्यालयका पदमा सरुवा गर्न वा काज खटाउन वा रिक्त पदमा पूर्ति गर्न हुँदैन । साथै नयाँ पदको सृजना गर्न वा तलब भत्ता बृद्धि गर्न वा ग्रेड, पुरस्कार वा यस्तै अन्य सुविधा र सहुलियत प्रदान गर्नहुँदैन ।

८. निर्वाचन सकेको ३ महिनासम्म निर्वाचन कार्यमा संलग्न जिल्ला स्तरका निजामती वा प्रहरी कार्यालयका प्रमुखहरुलाई आयोगको सहमति विना सरुवा गर्नुहुँदैन ।

९. मतदानको ३ दिनअगाडि र ३ दिनपछाडिसम्म मादक पदार्थको बिक्रि वितरण र सेवनमा रोक लगाउनु पर्नेछ ।

**घ. विविध**

१. आचार संहिताको पालना भएको छ छैन तत् संम्बन्धमा आयोगले आवश्यकता अनुसार जाँचबूझ र अनुगमन गर्न गराउन सक्नेछ ।

२. आचार संहिता उल्लंघन भएको देखिए, बुझिए वा सुनिएमा सम्बन्धित निर्वाचन अधिकृत/मतदान अधिकृतले त्यस्तो कार्यको तुरुन्त रोकथाम गर्नु पर्नेछ । यसका लागि स्थानीय प्रशासन र स्थानीय प्रहरीबाट आवश्यकता अनुसार सहयोग लिन सकिनेछ र सहयोग दिनु स्थानीय प्रशासन र प्रहरीको कर्तव्य हुनेछ ।

३. आचार संहिता उल्लंघन भएको देखिए वा पाइएमा स्थानीय प्रशासन वा प्रहरी स्वयंले पनि तत्कालै आवश्यक कारवाही गरी रोकथाम गर्नु पर्नेछ र यसको जानकारी निर्वाचन अधिकृत र मतदान अधिकृतलाई दिनुपर्नेछ । रोकथाम गर्न नमानेमा प्रशासन वा प्रहरीले प्रचलित कानून वमोजिम कारवाही गरी निर्वाचन अधिकृत/मतदान अधिकृतलाई जानकारी गराउनु पर्नेछ ।

४. प्रकरण ३ बमोजिम प्राप्त भएका विवरणहरु निर्वाचन अधिकृतले निर्वाचन आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

५. उप-निर्वाचन सन्दर्भमा यो आचार संहिता उप-निर्वाचन हुने निर्वाचन क्षेत्रको सम्बन्धमा मात्र लागू हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**स्थानीय निकाय निर्वाचन आचार संहिता**

**परिशिष्ट- (क)-१**

| | निकाय | खर्च सीमा | |
|---|---|---|---|
| १. | महानगरपालिकाको प्रमुख/उपप्रमुख | १५००००/- रु | सम्बन्धित क्षेत्रको एकप्रति मतदाता नामावली खरीद मूल्य । |
| २. | महानगरपालिकाको वडाध्यक्ष र वडा सदस्य | २९०००/- रु | ″ |
| ३. | उपमहानगरपालिकाको प्रमुख/उपप्रमुख | ७००००/- रु | ″ |
| ४. | उपमहानगरपालिकाको वडाध्यक्ष र वडा सदस्य | १५०००/- रु | ″ |
| ५. | नगरपालिकाको प्रमुख/उपप्रमुख | ४५०००/- रु | ″ |
| ६ . | नगरपालिकाको वडाध्यक्ष र वडा सदस्य | १२०००/- रु | ″ |
| ७. | गाउँ विकास समितिको अध्यक्ष/उपाध्यक्ष | २१०००/- रु | ″ |
| ८. | गाउँ विकास समितिको वडाध्यक्ष र वडा सदस्य | २०००/- रु | ″ |
| ९. | जिल्ला विकास समितिको सभापति/उपसभापति | २५०००/- रु | ″ |
| १०. | जिल्ला विकास समितिको सदस्य | १०,०००/- रु | ″ |

मुद्रण विभाग, सिंहदरबार

1280



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## निर्वाचनआयोग

## स्थानीय निकाय निर्वाचन खर्चको सीमा

खर्च सीमा निर्धारणको आधार

परिशिष्ट (क)-२

| क.सं | खर्चको शीर्षक | महानगरपालिका | | उपमहानगरपालिका | | नगरपालिका | | गाउँ विकास समिति | | जिल्ला विकास समिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रमुख/उपप्रमुख | वडाध्यक्ष र वडा सदस्य | प्रमुख/उपप्रमुख | वडाध्यक्ष र वडा सदस्य | प्रमुख/उपप्रमुख | वडाध्यक्ष र वडा सदस्य | अध्यक्ष/उपाध्यक्ष | वडाध्यक्ष र वडा सदस्य | सभापति/उपसभापति | सदस्य |
| १ | सवारी साधन | ३९००० | १३००० | २६००० | ४००० | १३००० | ३००० | १३००० | | १३००० | ४००० |
| २ | लाउडस्पीकर | ४५०० | १५०० | ३००० | १५०० | १५०० | १५०० | १५०० | | | |
| ३ | पोष्टर(बढीमा १५,०००प्रति) | २०००० | ५५०० | ९००० | ३००० | ६५०० | २००० | १५०० | ५०० | | १५०० |
| ४ | पर्चा(बढीमा १५,००० प्रति) | १०००० | २५०० | ४००० | १५०० | ३००० | १५०० | १००० | ५०० | | १००० |
| ५ | आमसभा, गोष्ठी | १५००० | २००० | ५००० | २००० | ४५०० | १००० | १००० | | | |
| ६ | कार्यकर्ता/कार्यालय संचालन | १५००० | २००० | ८००० | २००० | ६५०० | २००० | १००० | ५०० | ५००० | १५०० |
| ७ | बुथ खर्च | ३६५०० | २००० | ८००० | ५०० | ५००० | ५०० | १००० | ३०० | २००० | १००० |
| ८ | विविध | १०००० | ५०० | ७००० | ५०० | ५००० | ५०० | १००० | २०० | ५००० | १००० |
| | | १५०००० | २९००० | ७०००० | १५००० | ४५००० | १२००० | २१००० | २००० | २५००० | १०००० |



मुद्रण विभाग, सिंहदरबार

१५८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानीय निकाय निर्वाचन आचार संहिता

परिशिष्ट (ख)

## आयोगले तोकेको दर रेट

| | | प्रति इकाई न्यूनतम दररेट प्रतिदिन रु |
|---|---|---|
| **१** | **सवारी साधन जीप /कार/ वस, ट्रक र टयाक्टर (इन्धन र मर्मत खर्च वाहेक)** | |
| क | भाडामा लिएकोमा | |
| | पेट्रोलबाट चल्ने सवारी साधन | ७५० |
| | डिजेलबाट चल्ने सवारी साधन | १२७५ |
| ख | आफ्नो निजी प्रयोग गरे वापत कट्टा गरिने रकम | |
| | पेट्रोलबाट चल्ने | ५०० |
| | डिजेलबाट चल्ने | १००० |
| **२** | **अन्य सवारी साधन (इन्धन र मर्मत खर्च बाहेक)** | |
| क | मोटर साइकल भाडामा लिएकोमा | २०० |
| | आफनो निजी प्रयोग गरेवापत कट्टा गरिने रकम | १५० |
| ख | अटोरिक्सा | |
| | भाडामा लिएको भएमा | ३५० |
| | आफनो निजी प्रयोग गरेवापत कट्टा गरिने रकम | २५० |
| ग | रिक्सा भाडामा लिएको भएमा | १५० |
| | आफनो निजी भएमा कट्टा गरिने | १०० |
| घ | घोडा (दाना वाहेक) | |
| | भाडामा लिएकोमा | ६२५ |
| | निजी प्रयोग गरे वापत कट्टा गरिने रकम | ५५० |
| **३** | **लाउडस्पीकर** | |
| क | भाडामा लिएकोमा | २२५ |
| | आफ्नो निजी प्रयोग भए वापत कट्टा गरिने रकम | १२५ |
| ख | हयाण्ड स्पीकर/मेगाफोन | |
| | भाडामा लिएकोमा | ७५ |
| | आफ्नो निजीप्रयोग गरे वापत कट्टा रकम | ५० |

आज्ञाले,
हिरण्यलाल रेग्मी
निर्वाचन आयोगको सचिव

9462



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार